# चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं.: ०६९/०८०
च.नं.: ३०८

फोन नं. ०१-४३१५७६६
मिति २०७९।१२।१८

**विषय :- आधारभूत शिक्षा (कक्षा-८) उत्तीर्ण परीक्षाको नतिजा व्यवस्थापन सम्बन्धमा ।**

श्री कक्षा-८ सञ्चालित सबै (सामुदायिक तथा संस्थागत) विद्यालयहरु
चन्द्रागिरि नगरपालिका, काठमाडौं ।

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत कक्षा-८ सञ्चालित सबै विद्यालयहरुले तोकिएको समयमा मर्यादित र व्यवस्थित रुपमा शैक्षिक सत्र २०७९ को आधारभूत शिक्षा (कक्षा-८) उत्तीर्ण परीक्षा सञ्चालन एवं सम्पन्नमा विशेष सहयोग गरेकोमा सो परीक्षासँग सम्बन्धित पक्षहरुलाई धन्यवाद व्यक्त गरिन्छ । साथै कक्षा-८ को नतिजा सकेसम्म छिटो प्रकाशन गर्न विद्यालयहरुको भूमिका महत्वपूर्ण रहेको कुरा सम्पूर्ण विद्यालयहरुलाई सर्वविदितै छ । सबै विद्यालयहरुले शैक्षिक सत्र २०७९ को अन्तिम परीक्षामा कक्षा-८ बाट सहभागी भएका विद्यार्थीहरुको विषयगत मार्कस् आ-आफ्नो विद्यालयको एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा यही मिति २०७९ चैत्र २२ गते बेलुकी ५ बजेसम्म Upload गरी/गराई सक्नुहुन अनुरोध छ । साथै कक्षा-८ बाहेक अन्य कक्षाको परीक्षाफल प्रकाशन यही चैत्र, २९ गतेभित्र गरिसक्नुहुन र २०८० बैशाख २ गतेबाट भर्ना कार्यक्रम सञ्चालन गर्नुहुन साथै सामुदायिक विद्यालयहरुको सम्बन्धित खातामा निशुल्क पाठ्यपुस्तकका लागि अनुदान निकासा भैसकेको हुँदा भर्ना गरी सोही समयमा विद्यार्थीहरुको हातमा नयाँ पाठ्यपुस्तक उपलब्ध गराउनुहुन र बैशाख ६ गतेदेखि शैक्षिक सत्र २०८० को कक्षा सञ्चालन गर्नु गराउनुहुन समेत अनुरोध गरिन्छ ।

कर्ण बहादुर भुवाजी
अधिकृत दर्जा